मिति २०७०।१।४ को विधेयक समितिको निर्णय—

१. अघिल्लो मन्त्रिपरिषद्मा पेश भई हालसम्म निर्णय नभएका देहायका प्रस्तावहरू पुनः पेश गर्न आवश्यक भएमा पुनर्विचार गरी पेश गर्न सम्बन्धित मन्त्रालयहरूमा फिर्ता पठाउने —

| क्र.स. | मन्त्रालयको नाम | प्रस्तावको विषय |
|---|---|---|
| १. | **अर्थ** | राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) नियमावली, २०६९ लाई स्वीकृति दिने |
| २. | **कानुन, न्याय, संविधानसभा तथा संसदीय मामिला** | नेपाल सरकार बादी भई चलाइएका फौजदारी मुद्दाहरू फिर्ता लिनेसम्बन्धी कार्यविधि, २०६९ लाई स्वीकृत गर्ने |
| ३. | **कानुन, न्याय, संविधानसभा तथा संसदीय मामिला** | कानून तथा न्याय प्रशिक्षण केन्द्र स्थापना तथा कार्य सञ्चालन आदेश, २०६९ जारी गर्ने |
| ४. | **परराष्ट्र** | कुटनीतिक आचारसंहिता, २०६९ (Diplomatic Code of Conduct, 2013) स्वीकृत गर्ने बारे । |
| ५. | **भूमिसुधार तथा व्यवस्था** | सरकारी जग्गा भोगाधिकार सम्बन्धी प्रतिवेदन विधेयक समितिमा छलफल गर्ने बारे । |
| ६. | **भूमिसुधार तथा व्यवस्था** | नदी उकास भएको जग्गा श्री हरिहर शम्सेर समेतको नाममा दर्ता गर्ने बारे । |
| ७. | **भूमिसुधार तथा व्यवस्था** | नेपाल सरकारको नाममा दर्ता रहेको जग्गाको दर्ता सच्याई श्री इन्द्र बहादुर दाहालको नाममा दर्ता गर्न स्वीकृति दिने बारे । |
| ८. | **भूमिसुधार तथा व्यवस्था** | तनहुँ जिल्ला दुलेगौडा, खैरेनीटार र ढोरफिर्दि गा.वि.स. अन्तरगतको अव्यवस्थित वसोवास सम्बन्धी जग्गा दर्ता समिति गठन आदेश, २०६९ स्वीकृत गर्ने बारे । |
| ९. | **भूमिसुधार तथा व्यवस्था** | तत्कालिन समयमा रहेको श्री ५ को वायुदेवता गुठी जग्गाको व्यवस्थापन बारे । |
| १०. | **सङ्घीय मामिला तथा स्थानीय विकास** | फोहरमैला व्यवस्थापन नियमावली, २०६९ स्वीकृत गर्ने |
| ११. | **सूचना तथा सञ्चार** | पत्रकारिता तथा आमसञ्चार छात्रबृत्ति वितरण निर्देशिका, २०६९ स्वीकृत गर्ने। |

द्रष्टव्यः— निर्णयसंग सम्बन्धित अन्य थप विवरण आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलव्ध हुनेछ।

मिति २०७०।१।१३ को विधेयक समितिको निर्णय—

१. कानुन, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय - "गणतन्त्रको मर्म र भावना अनुरूप मिलाइएका उमेर, नाम र जात सच्याउने (दोस्रो संशोधन) नियमहरु, २०६९ लगायत १०२ वटा नियमावलीहरू मध्ये" नेपाली सेनासँग सम्बन्धित १५ वटा नियमावली संशोधन गर्ने प्रयोजनका लागि "सैनिक सम्बन्धी केही नियमहरूलाई संशोधन गर्ने नियमावली, २०७०"; राष्ट्रिय निकुञ्ज तथा वन्य जन्तु संरक्षण सम्बन्धी ५ वटा नियमावली संशोधन गर्ने प्रयोजनका लागि "राष्ट्रिय निकुञ्ज तथा वन्य जन्तु संरक्षण सम्बन्धी केही नियमहरूलाई संशोधन गर्ने नियमावली, २०७०"; नेपाल वायु सेवा निगमसँग सम्बन्धित २ वटा नियमावली संशोधन गर्ने प्रयोजनका लागि "नेपाल वायु सेवा निगमसँग सम्बन्धित केही नियमहरूलाई संशोधन गर्ने नियमावली, २०७०" र गणतन्त्रको मर्म र भावना अनुरूप मिलाउने प्रयोजनका लागि उमेर, नाम र जात सच्याउने (दोस्रो संशोधन) नियमहरु, २०७०" साथ संलग्न अन्य ८० वटा नियमावलीहरू स्वीकृत गर्ने ।

द्रष्टव्यः— निर्णयसंग सम्बन्धित अन्य थप विवरण आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछ।